मितिः २०८२/०२/०५

**माननीय मुख्यमन्त्री ज्यू**
**मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,**
**गण्डकी प्रदेश, पोखरा ।**

**विषयः- सुझाव तथा माग पत्र सम्बन्धमा ।**

निजामती प्रशासनको क्षेत्रमा क्रियाशील प्रदेश र जिल्ला स्थित क्रियाशिल ट्रेड युनियनका अध्यक्ष/ प्रतिनिधिहरूको मिति २०८२/०२/०५ गते बसेको संयुक्त बैठकमा छलफल भई गण्डकी प्रदेश सरकारको आगामी आ.ब.२०८२/०८३ को नीति तथा कार्यक्रम र बजेटलाई सकारात्मक परिणाम हुने एवं आम कर्मचारीहरूलाई उत्प्रेरित गरी सरकारको नीति तथा कार्यक्रम कार्यान्वयनमा थप प्रभावकारिता बढाउने, सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ, सेवामुलक र जनमुखी बनाई आम जनताको शीघ्र सेवा र तीव्र विकासको जनआकाँक्षा पुरा गर्ने असल मनसायका साथ तपसिलका सुझाव तथा माग प्रस्तुत गरेका छौं ।

**<u>सेवा प्रवाह सुधार तथा स्रोत व्यवस्थापन सम्बन्धमा</u>**

१. **"सार्वजनिक सेवा लाइनमा नभई अनलाइन"** बाट प्रवाह गर्ने आवश्यक नीतिगत व्यवस्था मिलाउन स्रोत र साधनको व्यवस्थापन गर्दै यातायात, उद्योग, पर्यटन तथा स्वास्थ्य लगायतका क्षेत्रको सेवा प्रवाह तथा भुक्तानी प्रणालीलाई पुर्णरुपमा अनलाइन बनाईयोस।
२. गण्डकी प्रदेशको प्रशासनिक पुन:संरचना कार्यदलले O&M सर्वेक्षण गर्दा कर्मचारीहरूको वृत्ति विकास र जनतासँग प्रत्यक्ष सरोकार भएका सेवाहरूमा असर नपर्ने गरी प्रदेशको आवश्यकता र औचित्य पुष्टि हुने गरी क्रियाशिल ट्रेड युनियनहरूको समेत सहभागितामा छलफल अगाडी बढाइयोस ।
३. सार्वजनिक र निजी क्षेत्रमा दैनिक उपयोगमा आउने जस्तैः विद्युत, कपडा, जुत्ता-चप्पल स्टेशनरी, औषधी, सिमेन्ट, फलाम, इलेक्ट्रोनिक्स, रवर आदि उद्योगहरू प्रदेश सरकारको लगानी र नियन्त्रणमा संचालनमा ल्याउन कर्मचारी संचय कोष, नागरिक लगानी कोष, सामाजिक सुरक्षा कोष, सरकारी र निजी बैङ्कहरूबाट सरकारी जमानतमा श्रोत सुनिश्चित गरी पर्यटन तथा उद्योग मन्त्रालयबाट तोकिएका औद्योगिक क्षेत्रहरूमा संचालन गर्ने व्यवस्था मिलाइयोस् ।
४. प्रदेश सरकारले सेवा प्रवाहमा प्रयोग गर्ने संघीय सरकारबाट व्यवस्थापन भएका विद्यमान भुक्तानी प्रणाली लगायत अन्य सूचना प्रणालीलाई छिटो छरितो र नियमित रुपमा संचालन हुने व्यवस्था मिलाउन नेपाल सरकार सँग आवश्यक समन्वय गर्ने व्यवस्था मिलाइयोस् । जस्तैः CGASS, RMIS, PAMS लगायतका प्रणालीहरू ।
५. प्रदेश सरकार एवं स्थानीय तह अन्तर्गतका कार्यालयहरू तथा अन्य निकायबाट हुने कर प्रशासन सुधार तथा विद्यमान बेरुजु फछ्र्यौट एवं बेरुजू न्यूनीकरण गर्न प्रभावकारी प्रदेश स्तरीय संयन्त्रको व्यवस्था गरीयोस्।
६. प्रदेश सरकार अन्तर्गतका कार्यालय तथा निकायबाट प्रदान हुने सेवा प्रवाहलाई प्रभावकारी बनाई राजस्व संकलनमा जोड दिने खालको नीति तथा कार्यक्रम ल्याईयोस।
७. भेटेरिनरी अस्पताललाई स्तरोन्नति एवं सबलीकरण सहित जनशक्ति व्यवस्थापन गरी उक्त अस्पतालको सेवालाई विशिष्टीकरण गरी प्रदेशको राजस्व संकलनमा अभिवृद्धि गरियोस्।

८. दहत्तर बहत्तर लगायत स्थानीय तहबाट संकलन हुने प्राकृतिक स्रोत बापतको रकमलाई प्रदेश सञ्चित कोषमा नियमित रुपमा अनिवार्य जम्मा हुने व्यवस्था मिलाइयोस्।

९. कृषि, पशुपक्षी, बन, पर्यटन, उर्जा, जलस्रोत, सिँचाई तथा पूर्वाधार क्षेत्रको आम्दानीलाई प्रदेश सरकारको राजस्व संकलन सँग सिधा आबद्धता कायम गरी प्रदेश सरकारको आन्तरिक स्रोत अभिवृद्धि गर्न यथाशीघ्र पहल गरियोस्।

१०. प्रदेश सरकारले संचालन गर्ने विकास आयोजनाको सफलता र ती आयोजनाबाट प्राप्त हुने प्रतिफल सँग राजनीतिकर्मी मात्र नभई राष्ट्रसेवक कर्मचारीको समेत व्यावसायिक दक्षता र कार्यसम्पादन प्रत्यक्ष परोक्ष रुपमा जोडिने भएकोले हालसम्म प्रदेश सरकारले बहुवर्षीय स्रोत सुनिश्चतता प्रदान गरेका आयोजना एवम् ति आयोजनाहरुमा सृजना भएको हालसम्मको दायित्व एकिन गरि आगामी आर्थिक वर्ष २०८२/८३ को बजेट, नीति तथा कार्यक्रम तर्जुमा गर्दा बहुबर्षिय आयोजना प्राथमिककरण गरी बजेट व्यवस्थापन गरियोस् । साथै आगामी दिनमा प्रदेश स्रोतको अवस्था विचार गरेर मात्र बहुबर्षिय स्रोत सहमति प्रदान गर्ने नीतिगत व्यवस्था मिलाइयोस्। बहुबर्षिय आयोजना औचित्य पुष्टि हुने गरी, भविष्यमा प्रदेशको श्रोतमा अप्ठ्यारो नपर्ने गरी, आयोजना होलिडेको स्थिति नआउने गरि स्रोत व्यवस्थापन गर्ने ।

११. वन व्यवस्थापनलाई राजस्व प्राप्ति सँग आवद्धता गर्ने जलवायू वित्तको प्राप्ति र प्रयोगलाई व्यवस्थित गर्ने । बन क्षेत्रको राजस्व अभिवृद्धि गर्न निजी बनमा रहेका पैदावरहरुलाई उपयोग गर्ने प्रादेशिक नीति अगाडी बढाईयोस् ।

**कर्मचारी प्रोत्साहन तथा सुविधा सम्बन्धमा**

१२. कर्मचारीले प्रविधि मैत्री सेवा प्रवाह गर्न आवश्यक क्षमता विकासका साथै स्रोत साधनको सुनिश्चित गरियोस्।

१३. निजामती अस्पतालबाट कर्मचारीहरूलाई हाल प्रदान हुँदै आएका सेवाहरूलाई प्रदेशस्तरमा विस्तार गर्न हाल सञ्चालनमा रहेका जिल्ला स्थित प्रादेशिक अस्पतालहरूबाटै कर्मचारीहरुले स्वास्थ्य सुविधा उपलब्ध गराउने तथा प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा नि:शुल्क स्वास्थ्य परीक्षण हुने व्यवस्था नीति तथा कार्यक्रममा समावेश गरियोस्।

१४. कर्मचारीहरूलाई रुजू हाजिरी दिनको आधारमा दैनिक खाजा भत्ताको व्यवस्था मिलाउन आवश्यक बजेट विनियोजन गरियोस्।

१५. विगत देखी प्रदान हुँदै आएको आन्तरिक पर्यटन प्रवर्द्धन सम्बन्धी बिदा पर्यटन कार्यक्रममा सबै कर्मचारीले कार्यरत कार्यालयबाटै एक महिनाको तलव बराबरको सुविधा उपभोग गर्न पाउने गरी बजेट व्यवस्थापन सहित कार्यक्रमको निरन्तरता प्रदान गरियोस्।

१६. प्रदेश राजधानी रहेको पोखरा महानगरपालिका भित्र एकीकृत परिवहन सेवाको व्यवस्था सहित सो सेवा भित्र नसमेटिने कर्मचारीको हकमा दुरीको आधारमा यातायात खर्च उपलब्ध गराउने व्यवस्था गरियोस्।

१७. कर्मचारीहरूले प्रयोग गर्ने सरकारी सवारी साधन, इन्धन तथा सरकारी आवास वा आवास सुविधा निश्चित मापदण्डका आधारमा सबैलाई न्यायोचित वितरणको व्यवस्था मिलाइयोस् ।

१८. प्रदेश तथा स्थानीय तहमा कार्यरत राष्ट्रसेवक कर्मचारीका सन्ततिहरूले प्रदेश सरकारबाट संचालित विश्वविद्यालयमा निश्चित कोटा छुट्याई अध्ययन छात्रवृत्तिको व्यवस्था मिलाइयोस् ।

१९. कार्यालय समयमा कर्मचारीहरूका शिशु स्याहार गर्न स्थापित Child Care Center लाई थप व्यवस्थित गरियोस् ।

२०. प्रदेश खर्चको मापदण्डमा पालो पहरा भत्ता समावेश गरी हालको रकमलाई बढोत्तरी गरी बजेटमा व्यवस्था गरियोस् ।

२१. प्रदेश सरकार मातहतका कार्यालयमा कार्यरत कर्मचारीहरूको परिवारको स्वास्थ्य बिमाको वार्षिक प्रिमियम प्रदेश सरकारले बेहोर्ने व्यवस्था मिलाइयोस्।

२२. प्रदेश भित्रका स्थानीय तहको भूगोलका आधारमा दुर्गम भत्ता र फिल्ड भत्ताको व्यवस्था मिलाइयोस ।

२३. वैदेशिक अध्ययन/भ्रमणमा प्रदेश तथा स्थानीय तहका कर्मचारीहरूलाई प्राथमिकता दिने नीतिगत व्यवस्था गरियोस् ।

२४. कर्मचारीको अवकाश लगायतका सुविधा प्रदान गर्न **प्रदेश निजामती कर्मचारी अवकाश** वा निवृत्तिभरण कोष तथा स्थानीय तहका कर्मचारीहरूका लागी **प्रदेश स्तरीय स्थानीय कर्मचारी कोष** स्थापना गर्ने व्यवस्था मिलाउने। साबिक स्थानीय निकाय, जिल्ला विकास समिति, घरेलु विकास समिति, दुर्गम क्षेत्र विकास समितिबाट संचालित उपदान कोषलाई एकिकृत गरी प्रदेश स्तरीय उल्लिखित कोषमा समाहित गर्ने नीतिगत व्यवस्था गरियोस्।

२५. अस्थायी, करार तथा ज्यालादारी कर्मचारीहरूको लागी सामाजिक सुरक्षा तथा उपदानको लागी बजेटमा व्यवस्था मिलाइयोस् ।

**कानुन संशोधन सम्बन्धी मागहरु**

२६. समायोजन ऐन, २०७५ बमोजिम प्रदेश र स्थानीय तहमा समायोजन भएका छैटौ तहका कर्मचारीहरुलाई योग्यता र समयावधिका आधारमा सातौं तहमा बढुवा गर्न कानुनी व्यवस्था गरियोस्।

२७. वि. सं. २०७६ सालको लोक सेवा आयोगबाट नियुक्त स्थानीय तहका कर्मचारीहरुलाई सातौं तह दिँदा अन्य प्रदेशको जस्तै कर्मचारीहरु नियुक्त भएको दिन देखि सातौ तह कायम गर्ने व्यवस्था गरियोस् ।

२८. अन्तर प्रदेश सरुवा भइ आएका स्थानीय तहका कर्मचारीहरुलाई कानुन संशोधन गरी एक पटकका लागि पदस्थापन गर्ने र तह बृद्धि लगायत बढुवाका प्रावधानमा सामेल हुन पाउने व्यवस्था गरियोस् ।

२९. स्वास्थ्य सेवा लाई संघीय कानुन बमोजिम हुने व्यवस्थालाई कानुनमा वृहत रुपमा व्याख्या गरी स्वास्थ्य तर्फको बढुवा तथा अध्ययन विदालाई व्यवस्थित गर्ने, त्यसका लागि कानुनमा आवश्यक संशोधन गरियोस् ।

३०. प्रदेश र स्थानीय कर्मचारी नियमावलीहरुमा विभिन्न सेवा समुहहरुको पदनाम तुरुन्त संशोधन गरी उही तहका कर्मचारीहरुमा भएको विभेदलाई अन्त्य गरियोस्। जस्तैः प्रशासन सेवाको छैटौ तहलाई सहायक प्रशासकीय अधिकृत तर कृषि सेवाको छैटौ तहलाई बरिष्ठ प्राविधिक सहायक भनिएको ।

३१. अन्य समूहका कर्मचारी सेवा प्रवेशको योग्यताबाटै चौथो तहबाट छैटौ तहमा पुग्ने गरेकोमा फरेस्टरलाई समेत छैटौं तहमा पुग्ने व्यवस्था मिलाइयोस् ।

३२. गण्डकी प्रदेशका कर्मचारी कानुनहरुमा पिछडिएको क्षेत्र यही प्रदेशका जिल्ला तथा पालिकालाई मानी प्रदेश लोक सेवा आयोगबाट हुने प्रतिस्पर्धामा सोही बमोजिम कोटा निर्धारण गरियोस् ।(राष्ट्रिय पिछडिएको क्षेत्रको आधार नलिई प्रदेशको आफ्नै आधार बनाउने)

३३. स्थानीय तहका चौथो तहका कर्मचारीहरुलाई नियुक्तिको न्यूनतम योग्यताबाट छैटौ तहमा बृद्धि हुने कानुनमा व्यवस्था नभएकोले त्यो पनि प्रदेश कानुन बमोजिम संशोधन गरी प्रदेश र स्थानीय तहमा तहबृद्धि सम्बन्धी कानुनमा रहेको विभेद हटाईयोस्।

३४. साविकको स्थानीय निकायका छैटौं तहमा नियुक्त भएका कर्मचारीहरुलाई सातौं तह भए पछि बाट मात्र बढुवाका लागि अवधि गणना हुने व्यवस्थाले १०/१२ बर्ष देखि छैटौ तहको अधिकृतले नवौ तहमा बढुवामा फर्म नै लगाउन पाएनन् तसर्थ त्यसलाई बढुवामा फर्म लगाउन पाउने गरी व्यवस्था गरियोस् ।जस्तैः साविक स्थानीय निकायका अधिकृत छैटौ कर्मचारीहरु ।

३५. बढुवाका लागि माथिल्लो पद नवौ तहमा दरबन्दी कम भएका लेखा, तथ्याङ्क, महिला विकास लगायतका कर्मचारीका लागि अन्य सेवामा समुहीकृत गर्ने वा पद सिर्जना गरी सबैको वृत्ति विकास सुनिश्चित गरियोस्।

३६. प्रदेश र स्थानीय तहका कर्मचारीका लागि अवकाश अघि र पछिका सेवा सुविधाका लागि प्रदेशका कर्मचारीका लागि प्रदेशमा प्रदेश सरकारले योगदान गरी प्रदेशस्तरीय स्थानीय कोष बनाउने र स्थानीय तहका कर्मचारीका लागि स्थानीय तहहरुको योगदानका आधारमा प्रदेश स्तरीय स्थानीय कोषको व्यवस्था गरी सेवा सुविधाको सुनिश्चिता गरियोस् ।

३७. बढुवामा समस्या देखिएकोले साविक स्थानीय निकायमा कार्यरत कर्मचारीहरुका लागि उक्त समयको भौगोलिक अंक दिने व्यवस्था गरियोस् ।

३८. संघीय कानुनमा जस्तै श्रेणी विहिनबाट चौथो तहमा आन्तरिक प्रतिस्पर्धाको व्यवस्था गर्ने ।

३९. फाजिलमा रहेका कर्मचारीहरुलाई परीक्षाको पाठ्यक्रम मिल्ने किसिमका पदमा समायोजन गराउने व्यवस्था गरी फाजिल पद व्यवस्थापन गरियोस् ।जस्तै चित्रकला अधिकृत, मलेरिया इन्स्पेक्टर आदि ।

४०. लोक सेवा आयोगबाट सिफारिस भएका, बढुवा भएका कर्मचारीलाई कानुन बमोजिम योग्यताक्रमका आधारमा तुरुन्त पदस्थापन गर्ने व्यवस्था मिलाइयोस्।

४१. कर्मचारी सम्बन्धी नीतिगत छलफलमा कर्मचारी ट्रेड यूनियनहरुको सहभागिता सुनिश्चित गरियोस्।

४२. सुशासन प्रत्याभूति गराउनका सरुवा, पदस्थापना, कामकाज लगायतलाई अनिवार्य वेवसाइटमा प्रकाशन गरियोस् ।

४३. स्थायी हलुका सवारी चालक र कार्यालय सहयोगीलाई माग बमोजिम रिक्त पदमा सरुवा हुन पाउने अधिकार सुनिश्चित गरियोस।

४४. समायोजन ऐन, २०७५ अनुसार समायोजन संशोधन गरी प्रदेश र स्थानीय तहमा कार्यरत पाँचौ तहका कर्मचारीहरुलाई मुल समायोजन अवधि वि.सं. २०७५ बाट ५ बर्ष पुगे पछि तह बृद्धि हुन सक्ने गरी कानुनमा यथोचित व्यवस्था गरियोस् ।

**<u>बार्षिक विकास कार्यक्रम सम्बद्ध सुझावहरुः</u>**

४५. पुँजीगत खर्च बढोत्तरी हुने गरी बार्षिक विकास कार्यक्रम तर्जुमा गर्ने र कार्यान्वयनको वातावरण तयार गरियोस।

४६. बार्षिक योजना तर्जुमा गर्दा संविधान तथा कार्य विस्तृतीकरण प्रतिवेदनले प्रदेशको अधिकार क्षेत्रका विषयलाई ध्यान दिएर गर्ने नकि संघीय र स्थानीय अधिकार सुचीका विषयमा जोडबल गर्ने ।जस्तैः विद्यालयको पूर्वाधारमा भन्दा सामुदायिक क्याम्पसको सुधारमा ध्यान दिने, साना सिंचाई भन्दा मझौला सिंचाईमा टोल टोलका सडक भन्दा वडा केन्द्र जोड्ने सडक स्तरोन्नती आदिमा ध्यान दिइयोस्।

४७. कृषि अनुदानलाई उत्पादनमा आधारित गराउने र वास्तविक किसान सम्म पुग्ने व्यवस्था मिलाउने । कृषिको व्यावसायिकरणका लागि करिडोरहरु लक्षित कार्यक्रम संचालन गर्ने ।बाँझो जमिनको प्रयोग गर्न लक्षित कार्यक्रम अगाडी बढाईयोस।

४८. उद्योग व्यापार गर्नेलाई सहुलियतमा दर्ता तथा नवीकरणको व्यवस्था गर्ने र पूर्णरुपमा अनलाइन प्रणाली बनाइयोस् ।

४९. अनलाइनबाट नै सवारी साधन कर, ब्लुबुक नवीकरण, लाइसेन्स नवीकरण पटके उद्योग तथा व्यवसाय नवीकरण गर्ने व्यवस्था गरी क्यासलेस पेपरलेस प्रशासनलाई बढावा दिने र यी सेवा हरुलाई नागरिक एप सँग आवद्धता गराउने ।सार्वजनिक सेवामा आर्टिफिसियल इन्टेलिजेन्स मेशिन लर्निङ डाटा साइन्सको विकास र प्रयोगलाई बढावा दिइयोस्।

५०. कर्मचारी अभिलेखलाई थप व्यवस्थित गरी संघीय प्रणालीसँग आवद्धता गराइयोस् ।

५१. प्रदेशका सेवा एकाईहरु पनि विगतको जस्तै जिल्ला सदरमुकाम केन्द्रित भन्दा पनि सदरमुकाम बाहिर स्थापना गर्ने नीति अवलम्बन गरियोस् ।

५२. स्थानीय तहसँगको साझेदारीमा कार्यक्रम सञ्चालन गरि सम्बन्धित स्थानीय तहको अपनत्व समेत अभिवृद्धि गराउने कार्यक्रमलाई प्राथमिकता दिइयोस् ।

५३. हाल सम्म प्रदेश सरकारबाट विनियोजित कार्यक्रमहरूको स्थिति/प्रभाव मूल्यांकन गरी आगामी बर्ष निरन्तरता दिने वा नयाँमा जाने भन्ने विषय अध्ययनका लागि नीतिगत कार्यक्रम ल्याइयोस् ।

५४. एक घर एक धारा उज्यालो प्रदेश स्वस्थ नागरिक खुसी प्रदेश बासी जस्ता कार्यक्रमलाई निरन्तरता दिइयोस् ।

५५. निरोगी प्रदेश अभियान तथा आरोग्य पर्यटनको प्रवर्धन गर्ने कार्यक्रम सञ्चालन गरियोस्।

५६. शिक्षण सिकाइमा इ-लर्निङ प्रविधिको प्रवर्धन गरीयोस्। रोजगारी प्रवर्धनका कार्यक्रम संचालन गर्ने पर्यटन प्रवर्धनमा सहयोग गर्ने स्टार्ट अप प्रवर्धन गरियोस् ।

**डोलराज पराजुली**
अध्यक्ष
नेपाल निजामती कर्मचारी संगठन
गण्डकी प्रदेश कार्य समिति

**अर्जुन गुरुङ**
उपाध्यक्ष
नेपाल निजामती कर्मचारी युनियन
गण्डकी प्रदेश कार्य समिति

**रमेश बस्नेत**
कोषाध्यक्ष
नेपाल राष्ट्रिय निजामती कर्मचारी संगठन
गण्डकी प्रदेश कार्य समिति

**सोमलाल तिवारी**
अध्यक्ष
एकीकृत सरकारी कर्मचारी संगठन, नेपाल
गण्डकी प्रदेश कार्य समिति

**भरत प्रसाद भुसाल**
अध्यक्ष
निजामती कर्मचारीहरुको आधिकारिक ट्रेड युनियन
जिल्ला कार्य समिति, कास्की

**रामचन्द्र पहारी**
अध्यक्ष
नेपाल निजामती कर्मचारी संगठन
जिल्ला कार्य समिति, कास्की

**सुरेश कुमार श्रेष्ठ**
अध्यक्ष
नेपाल निजामती कर्मचारी युनियन
जिल्ला कार्य समिति, कास्की

**गोविन्द प्रसाद रिजाल**
अध्यक्ष
नेपाल राष्ट्रिय निजामती कर्मचारी संगठन
जिल्ला कार्यसमिति, कास्की

**गुरु प्रसाद पोखरेल**
अध्यक्ष
एकीकृत सरकारी कर्मचारी संगठन, नेपाल
जिल्ला कार्य समिति, कास्की

**मनुवा चौधरी**

अध्यक्ष

स्वतन्त्र राष्ट्रसेवक कर्मचारी संगठन नेपाल

जिल्ला कार्यसमिति, कास्की